नेपाल राजपत्र

नेपाल सरकारद्वारा प्रकाशित

खण्ड ६१) काठमाडौं, जेठ ३० गते २०६८ साल (संख्या ९

भाग ३

नेपाल सरकार

श्रम तथा यातायात व्यवस्था मन्त्रालयको सूचना

वैदेशिक रोजगार (पहिलो संशोधन) नियमावली, २०६८

वैदेशिक रोजगार नियमावली, २०६४ लाई संशोधन गर्न वाञ्छनीय भएकोले, वैदेशिक रोजगार ऐन, २०६४ को दफा ८५ ले दिएको अधिकार प्रयोग गरी नेपाल सरकारले देहायका नियमहरू बनाएको छ ।

१. **संक्षिप्त नाम र प्रारम्भ** : (१) यी नियमहरूको नाम "वैदेशिक रोजगार (पहिलो संशोधन) नियमावली, २०६८" रहेको छ ।

(२) यो नियमावली तुरून्त प्रारम्भ हुनेछ ।

२. **वैदेशिक रोजगार नियमावली, २०६४ को नियम २ मा संशोधन** : वैदेशिक रोजगार नियमावली, २०६४ (यस पछि "मूल नियमावली" भनिएको) को नियम २ को खण्ड (घ) पछि देहायको खण्ड (घ१) थपिएकोछ:-

"(घ१) "मन्त्रालय" भन्नाले श्रम तथा यातायात व्यवस्था मन्त्रालय सम्झनु पर्छ ।"

३. **मूल नियमावलीको नियम ५ मा संशोधन** : मूल नियमावलीको नियम ५ को खण्ड (घ) पछि देहायको खण्ड (घ१) थपिएकोछ:-

"(घ१) सम्बन्धित कामको तालिम लिएको,"

४. **मूल नियमावलीमा नियम १२क. थप** : मूल नियमावलीको नियम १२ पछि देहायको नियम १२क. थपिएकोछ:-

"१२क. **पूर्व स्वीकृतिको अवधि** : ऐनको दफा १५ को उपदफा (२) बमोजिम इजाजतपत्रवालालाई दिइएको पूर्व स्वीकृति बढीमा तीन वर्षसम्म कायम रहनेछ ।

तर इजाजतपत्रवालालाई प्राप्त भएको मागपत्र वा अन्य कागजातमा कामदारलाई वैदेशिक रोजगारमा पठाउने अवधि तीन वर्ष भन्दा कम उल्लेख भएको रहेछ भने सोही बमोजिम पूर्व स्वीकृतिको म्याद कायम रहेको मानिनेछ ।"

५. **मूल नियमावलीमा नियम १७क. थप** : मूल नियमावलीको नियम १७ पछि देहायको नियम १७क. थपिएकोछ :-

"१७क श्रम स्वीकृतिको निस्सा (स्टिकर) रद्द गर्न सकिने : (१) ऐनको दफा १९ बमोजिम कुनै कामदारको राहदानीमा श्रम स्वीकृतिको निस्सा (स्टिकर) लगाइसके पछि त्यस्तो कामदार वैदेशिक रोजगारीमा नजाने भई इजाजतपत्रवालालाई लिखित जानकारी गराएमा इजाजतपत्रवालाले त्यस्तो कामदारको श्रम स्वीकृतिको निस्सा (स्टिकर) रद्द गर्न सक्कल राहदानी सहित विभाग समक्ष निवेदन दिन सक्नेछ ।

(२) उपनियम (१) बमोजिम परेको निवेदन उपर आवश्यक छानवीन गर्दा व्यहोरा सही भएमा विभागले कामदारको राहदानीमा लगाई दिएको श्रम स्वीकृतिको निस्सा (स्टिकर) रद्द गर्न सक्नेछ ।

(३) उपनियम (२) बमोजिम श्रम स्वीकृतिको निस्सा (स्टिकर) रद्द गरेकोमा विभागले त्यस्तो स्थानमा छनौट भएको अर्को कामदारलाई

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

वैदेशिक रोजगारमा पठाउन त्यस्तो कामदारको राहदानीमा श्रम स्वीकृतिको निस्सा (स्टिकर) लगाई दिन सक्नेछ ।"

६. **मूल नियमावलीको नियम १८ मा संशोधन** : मूल नियमावलीको नियम १८ को सट्टा देहायको नियम १८ राखिएको छ :-

"१८. विदेशी विमानस्थल प्रयोग गर्ने सम्बन्धी व्यवस्था : (१) ऐनको दफा २२ को उपदफा (२) बमोजिम विदेशी विमानस्थल प्रयोग गरी कामदार पठाउने स्वीकृतिको लागि विभाग समक्ष निवेदन दिँदा इजाजतपत्रवालाले देहायका विवरण संलग्न गर्नु पर्नेछ :-

(क) प्रस्तावित हवाइ प्रस्थान विन्दु र कामदारको उडान तालिका सहितको हवाइ टिकट,

(ख) इजाजतपत्रवालाको तर्फबाट कामदारलाई हवाइ प्रस्थान विन्दुसम्म जाने व्यवस्था गरिएको परिचयपत्रवाला कर्मचारीको विवरण ।

(२) उपनियम (१) बमोजिम निवेदन परेमा आवश्यक छानवीन गरी विभागले इजाजतपत्रवालालाई विदेशी विमानस्थलबाट वैदेशिक रोजगारीमा कामदार पठाउने स्वीकृति दिन सक्नेछ ।

(३) उपनियम (२) बमोजिम स्वीकृति लिई विदेशी विमानस्थल प्रयोग गर्न नेपाल बाहिर जाँदा इजाजतपत्रवालाको कर्मचारीले प्रस्थान विन्दुको अध्यागमन कार्यालयमा कामदारको देहायको विवरण उल्लेख गरी दर्ता गराउनु पर्नेछ :-

(क) कामदारको नाम, थर र वतन,

(ख) वैदेशिक रोजगारीमा जान लागेको मुलुक ।

(४) उपनियम (३) बमोजिम दर्ता गराउँदा प्रस्थान विन्दूको अध्यागमन कार्यालयमा देहायका कागजात समेत पेश गर्नु पर्नेछ :-

(क) राहदानी र प्रवेशाज्ञाको प्रतिलिपि,

(ख) श्रम स्वीकृतिको निस्साको प्रतिलिपि, र

(ग) कामदारको उडान तालिका सहितको हवाइ टिकटको प्रतिलिपि ।"

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

७. **मूल नियमावलीको नियम १९ मा संशोधन** : मूल नियमावलीको नियम १९ को उपनियम (३) पछि देहायका उपनियम (४) र (५) थपिएका छन्:-

"(४) रोजगारदाता संस्था र कामदार बीचको करार अवधि समाप्त भैसके पछि पुन: करार अवधि थप गर्नु पर्दा करारमा बीमाको दायित्वको सम्बन्धमा उल्लेख गर्नु पर्नेछ ।

(५) करार अवधि समाप्त भैसकेपछि इजाजतपत्रवालाको सिफारिसमा पुन: करार अवधि र प्रवेशाज्ञाको म्याद थप गरिएकोमा सो अवधिको कामदारको बीमा सम्बन्धी दायित्व इजाजतपत्रवालाले व्यहोर्नु पर्नेछ ।

तर इजाजतपत्रवालाको सिफारिस बिना कामदारले करार अवधि र प्रवेशाज्ञाको म्याद थप गराई बसेमा सो अवधिको बीमा सम्बन्धी दायित्व इजाजतपत्रवालामा रहने छैन ।"

८. **मूल नियमावलीको नियम २० मा संशोधन** : मूल नियमावलीको नियम २० को उपनियम (१) मा रहेका "रोजगारीमा जानु पूर्व" भन्ने शब्दहरू पछि "बोर्डले स्वीकृत गरेको पाठ्यक्रम अनुसार" भन्ने शब्दहरू थपिएका छन् ।

९. **मूल नियमावलीको नियम २७ मा संशोधन** : मूल नियमावलीको नियम २७ को उपनियम (२) पछि देहायका उपनियम (३) र (४) थपिएका छन् :-

"(३) कोषको आय व्ययको लेखा नेपाल सरकारले अपनाएको तरिका बमोजिम राख्नु पर्नेछ ।

(४) कोषको लेखा परीक्षण महालेखा परीक्षकको कार्यालयबाट हुनेछ ।"

१०. **मूल नियमावलीको नियम २८ मा संशोधन** : मूल नियमावलीको नियम २८ को,-

(१) उपनियम (१) मा रहेका "६ महिना भित्र" भन्ने शब्दहरूको सट्टा "एकवर्षभित्र" भन्ने शब्दहरू राखिएका छन् ।

(२) उपनियम (२) मा रहेका "एकलाख रूपैयाँ" भन्ने शब्दहरूको सट्टा "एकलाख पचास हजार रूपैयाँ" भन्ने शब्दहरू राखिएका छन् ।

(३) उपनियम (३) मा रहेका "साठी दिनभित्र" भन्ने शब्दहरूको सट्टा "एक वर्षभित्र" भन्ने शब्दहरू राखिएका छन् ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(४) उपनियम (४) मा रहेको 'एकलाख रूपैयाँ' भन्ने शब्दहरूको सट्टा 'एकलाख पचासहजार रूपैयाँ' भन्ने शब्दहरू राखिएका छन् ।

११. **मूल नियमावलीको नियम २९ मा संशोधन** : मूल नियमावलीको नियम २९ को खण्ड (घ) पछि देहायका खण्ड (ङ) र (च) थपिएका छन् :-

"(ङ) वैदेशिक रोजगारीको क्रममा शारीरिक वा मानसिक यातनाको कारणले पीडित भएका वा मानसिक सन्तुलन बिग्री स्वदेश फिर्ता भएका कामदारलाई निजले चाहेमा बढीमा तीन महिनासम्म सुरक्षित गृहमा राखी उपचार तथा मनोचिकित्सक परामर्श सेवा प्रदान गर्ने वा गराउने,

(च) सरकारी वा गैरसरकारी संस्थाको साझेदारी र सहकार्यमा सुरक्षित गृह, मनोचिकित्सक परामर्श सेवा तथा उपचार कार्यक्रम सञ्चालन गर्ने वा गराउने ।"

१२. **मूल नियमावलीमा नियम २९क. थप** : मूल नियमावलीको नियम २९ पछि देहायको नियम २९ क. थपिएकोछः-

"२९क. "योजना, कार्यक्रम तथा बजेट तर्जुमा समिति : (१) बोर्डको अल्पकालीन वा दीर्घकालीन योजना, कार्यक्रम वा बजेट तर्जुमा गर्न देहाय बमोजिमको योजना, कार्यक्रम तथा बजेट तर्जुमा समिति रहनेछ :-

(क)	सचिव, मन्त्रालय,	-संयोजक
(ख)	अर्थ मन्त्रालयबाट बोर्डमा प्रतिनिधित्व गर्ने बोर्डको सदस्य	- सदस्य
(ग)	महानिर्देशक, विभाग	- सदस्य
(घ)	वैदेशिक रोजगार व्यवसायी संघको अध्यक्ष	- सदस्य
(ङ)	कार्यकारी निर्देशक, बोर्ड	- सदस्य सचिव

(२) उपनियम (१) बमोजिमको समितिले आगामी आर्थिक वर्षको निमित्त योजना, वार्षिक कार्यक्रम वा बजेट तर्जुमा गरी प्रत्येक आर्थिक वर्षको चैत्र मसान्तभित्र स्वीकृतिको निमित्त बोर्ड समक्ष पेश गर्नु पर्नेछ ।"

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

१३. **मूल नियमावलीको नियम ३५ मा संशोधन** : मूल नियमावलीको नियम ३५ को खण्ड (ख) झिकिएको छ ।

१४. **मूल नियमावलीको नियम ४३ मा संशोधन** : मूल नियमावलीको नियम ४३ को सट्टा देहायको नियम ४३ राखिएकोछ :-

"४३. **श्रम सहचारी नियुक्ति सम्बन्धी व्यवस्था** : (१) ऐनको दफा ६८ को उपदफा (१) बमोजिम श्रम सहचारी नियुक्ति गर्दा एक हजार वा सो भन्दा बढी महिला कामदार पठाइएका मुलुकमा योग्यता पुगेका महिला अधिकृतहरूमध्येबाट श्रम सहचारी नियुक्ति गर्न सकिनेछ ।

(२) श्रम सहचारीको नियूक्ति स्वीकृत मापदण्डको आधारमा गरिने छ ।

(३) श्रम सहचारी नियुक्ति गर्दा निजको दरबन्दी मन्त्रालयमा राखी परराष्ट्र मन्त्रालयमा काजमा पठाइनेछ ।

(४) नेपालको राजदूतावास भएको मुलुकको लागि नियुक्त श्रम सहचारीलाई त्यस्तो मुलुकस्थित नेपाली राजदूतावास प्रमुखले राजदूतावासको क्षेत्राधिकारभित्र पर्ने अन्य मुलुकमा समेत नेपाली कामदारको श्रमसँग सम्बन्धित काम गर्ने गरी खटाउन सक्नेछ ।

(५) श्रम सहचारी आफ्नो दैनिक कार्य सम्पादनको लागि सम्बन्धित राजदूतावास प्रमुखप्रति उत्तरदायी रहनेछ ।

(६) श्रम सहचारीको पदनाम तथा सुविधा नेपाल सरकारले तोकेबमोजिम हुनेछ ।

(७) श्रम सहचारीले त्रैमासिक रूपमा आफूले सम्पादन गरेको काम कारबाहीको प्रतिवेदन मन्त्रालय र परराष्ट्र मन्त्रालयमा पठाउनु पर्नेछ ।"

१५. **मूल नियमावलीको नियम ४६ मा संशोधन** : मूल नियमावलीको नियम ४६ को उपनियम (१) को खण्ड (ङ) पछि देहायको खण्ड (च) थपिएकोछ :-

"(च) आधिकारिक ट्रेड युनियनको अध्यक्ष वा निजले तोकेको प्रतिनिधि एकजना - सदस्य ।"

१६. **मूल नियमावलीमा नियम ४६क. र ४६ख. थप** : मूल नियमावलीको नियम ४६ पछि देहायका नियम ४६क. र ४६ख. थपिएका छन्:-

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

"४६क. **विशेषज्ञ समितिको काम, कर्तव्य र अधिकार** : विशेषज्ञ समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः-

(क) नेपाल सरकारबाट स्वीकृति प्राप्त स्वास्थ्य संस्थाबाट कामदारको गलत स्वास्थ्य परीक्षण गरी प्रतिवेदन दिएको हो वा होइन भन्ने सम्बन्धमा निर्णय गर्ने,

(ख) स्वास्थ्य परीक्षणका लागि स्वास्थ्य संस्थाहरूको सूचीकरण गर्न वा सूचीकृत स्वास्थ्य संस्थाको सूचीकरण खारेज गर्न मन्त्रालयलाई सिफारिस गर्ने,

(ग) वैदेशिक रोजगारमा जाने कामदारको स्वास्थ्य परीक्षण गर्ने सुचीकृत स्वास्थ्य संस्थाको काम कारवाहीको चौमासिक प्रतिवेदन तयार गरी मन्त्रालय र स्वास्थ्य तथा जनसंख्या मन्त्रालयमा पेश गर्ने ।

४६ख. **खर्च भराई पाउन निवेदन दिनु पर्ने** : (१) ऐनको दफा ७२ को उपदफा (१) बमोजिम स्वास्थ्य संस्थाबाट स्वास्थ्य परीक्षण गराई वैदेशिक रोजगारमा गएको व्यक्ति स्वास्थ्यको कारणबाट अयोग्य भई स्वदेश फर्कनु परेमा देहाय बमोजिमका कागजात सहित वैदेशिक रोजगारमा जाँदा र फिर्ता हुँदा लागेको खर्च फिर्ता पाउन स्वदेश फिर्ता भएको मितिले पैंतीस दिनभित्र निवेदन दिनु पर्नेछ ।

(२) उपनियम (१) बमोजिम निवेदन दिँदा देहाय बमोजिमको कागजात संलग्न गर्नु पर्नेछ :-

(क) विदेशमा स्वास्थ्य परीक्षण गराएको सक्कल रिपोर्ट वा सोको प्रमाणित प्रतिलिपि,

(ख) स्वास्थ्यका कारणले वैदेशिक रोजगारबाट फर्कनु परेको प्रमाणित गर्ने कागजात,

(ग) आतेजाते हवाइ टिकटको प्रतिलिपि र बोर्डिङ पासको निस्सा,

(घ) राहदानीको प्रतिलिपि,

(ङ) विशेषज्ञ समितिले माग गरेका अन्य कागजातहरू ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(३) विशेषज्ञ समितिले सम्बन्धित स्वास्थ्य संस्था तथा निवेदकसँग आवश्यकता अनुसार थप कागज प्रमाण माग गर्न सक्नेछ ।

(४) उपनियम (३) बमोजिम माग गरेको कागज, प्रमाण निवेदक तथा सम्बन्धित संस्थाले विशेषज्ञ समितिलाई उपलब्ध गराउनु पर्नेछ ।

(५) यस नियम बमोजिम आते जाते खर्च दावी गर्ने व्यक्तिको त्यस्तो खर्च नलिदै मृत्यु भएमा निजको मृत्यु भएको पैंतीस दिन भित्र निजको कानून बमोजिमको हकवालाले फिर्ता पाउन यस नियम बमोजिम निवेदन दिन सक्नेछ ।"

१७. **मूल नियमावलीको नियम ४७ मा संशोधन** : मूल नियमावलीको नियम ४७ को,-

(१) उपनियम (१) को खण्ड (घ) पछि देहायको खण्ड (ङ) थपिएकोछ :-

"(ङ) शाखाको काम कानूनसम्मत ढंगबाट सम्पादन गर्ने कुरा सुनिश्चित गर्न पाँचलाख रूपैयाँ धरौटी राखेको रसिद ।"

(२) उपनियम (२) को खण्ड(ग)पछि देहायको खण्ड (घ) थपिएकोछ :-

"(घ) शाखाको काम कानूनसम्मत ढंगबाट सम्पादन गर्ने कुरा सुनिश्चित गर्न दुईलाख रूपैयाँ धरौटी राखेको रसिद ।"

(३) उपनियम (२)पछि देहायको उपनियम(२क) र(२ख)थपिएका छन् :-

"(२क) इजाजतपत्रवालाले शाखा खोल्न दिएको शर्त पालना नगरेमा वा कुनै गैरकानूनी काम गरेमा उपनियम (१) को खण्ड (ङ) वा उपनियम (२) को (घ) बमोजिम राखेको धरौटी जफत भई थप कारबाही हुनेछ ।

(२ख) यो उपनियम प्रारम्भ भएपछि उपनियम (१) वा (२) बमोजिम शाखा कार्यालय खोल्ने निवेदन दिंदा उक्त शाखा प्रमुखको रूपमा कार्य गर्ने इजाजतपत्रवालाको पूर्णकालीन कर्मचारी वा प्रतिनिधिको विवरण तथा त्यस्तो कर्मचारी वा प्रतिनिधिले नैतिक पतन देखिने फौज्दारी अभियोगमा अदालतबाट कसूरदार ठहर नभएको सिफारिस समेत संलग्न गर्नु पर्नेछ ।"

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(४) उपनियम (३) पछि देहायको उपनियम (४) थपिएको छ :-

"(४) यस नियममा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि यो नियम प्रारम्भ हुँदाका बखत शाखा कार्यालय खोलेका इजाजतपत्रवालाले यो नियम प्रारम्भ भएको तीन महिनाभित्र उपनियम (१) को खण्ड (ङ) वा उपनियम (२) को खण्ड (घ) मा उल्लिखित रकम धरौटी राख्नु पर्नेछ ।"

१८. **मूल नियमावलीमा नियम ४९क.र ४९ख.थप** : मूल नियमावलीको नियम ४९ पछि देहायका नियम ४९क.र ४९ख. थपिएका छन् :-

"४९क. **कामदारको कर्तव्य** : रोजगारदाता संस्थासँग भएको करार तथा सम्बन्धित मुलुकको कानूनको पालना गर्नु वा गराउनु वैदेशिक रोजगारमा जाने प्रत्येक कामदारको कर्तव्य हुनेछ ।

४९ख. **विवरण उपलब्ध गराउनु पर्ने** : इजाजतपत्रवालाले ऐनको दफा ९ को उपदफा (२) बमोजिम नेपाल सरकारले तोकेको संख्यामा वैदेशिक रोजगारमा पठाएका महिला, दलित, आदिवासी जनजाति, उत्पीडित वर्ग, पिछडिएको क्षेत्र तथा वर्ग एवं दुर्गम क्षेत्रका व्यक्तिको विवरण प्रत्येक छ महिनामा विभागलाई उपलब्ध गराउनु पर्नेछ ।"

१९. **मूल नियमावलीमा नियम ५२क.थप** : मूल नियमावलीको नियम ५२ पछि देहायको नियम ५२क. थपिएकोछ :-

"५२क. **निर्देशिका तथा कार्यविधि जारी गर्न सक्ने** : (१) ऐन तथा यस नियमावली प्रतिकूल नहुने गरी नेपाल सरकारले आवश्यक निर्देशिका बनाई लागू गर्न सक्नेछ ।

(२) ऐन, यस नियमावली तथा निर्देशिकाको प्रतिकूल नहुने गरी मन्त्रालयले आवश्यक कार्यविधि बनाई लागू गर्न सक्नेछ ।"

आज्ञाले,

दिनेशहरि अधिकारी

नेपाल सरकारको सचिव

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

भाग ५

नेपाल सरकार

भूमिसुधार तथा व्यवस्था मन्त्रालयको

सूचना १

नेपाल सरकारले जग्गा नाप जाँच ऐन, २०१९ को दफा ३ को उपदफा (१) ले दिएको अधिकार प्रयोग गरि देहायका जिल्लामा जग्गा पुनः नापी गर्न यो आदेश जारी गरेको छ ।

(१) सुनसरी (२) सप्तरी (३) धनुषा (४) रौतहट (५) वारा (६) चितवन (७) दाङ

सूचना २

नेपाल सरकारको मिति २०६८।१।१३ को निर्णयानुसार साविक बालाजु गाउँ विकास समिति वडा नं. ७, ८ र ९ को हाल इचङ्गु नारायण गाउँ विकास समितिमा पर्ने क्षेत्रलाई मालपोत कार्यालय, डिल्लीबजार र नापी कार्यालय, डिल्लीबजारको कार्यक्षेत्रबाट झिकी मालपोत कार्यालय, कलंकी र नापी कार्यालय, कलंकीको कार्यक्षेत्रभित्र तोकिएकोले यो सूचना प्रकाशन गरिएको छ ।

आज्ञाले,

केशवप्रसाद भट्टराई

नेपाल सरकारको सचिव

मुद्रण विभाग, सिंहदरबार

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।